# स्थानीय राजपत्र

बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित

खण्ड ७) बेसीशहर, भाद्र २७ गते, २०८१ साल (संख्या ३

**भाग २**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (२) बमोजिम बेसीशहर नगरपालिकाको मिति **२०८१ भाद्र २७ गते** को कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको तरकारी तथा फलफूल नर्सरी स्थापना र बिरुवा वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

बेसीशहर नगरपालिका भित्रका नर्सरी, कृषक समूह, कृषि सहकारी तथा निजी फर्म र कृषि उद्यमीहरुलाई लक्षित गरि तरकारी तथा फलफूल नर्सरी स्थापना एवं तरकारी तथा फलफुलहरुको उत्पादन प्रवर्धन मार्फत कृषिको व्यवसायीकरण, उत्पादकत्व र रोजगारी सृजना गर्न **"तरकारी/फलफूलको नर्सरी स्थापना तथा सहुलियतमा बिरुवा वितरण "** कार्यक्रमलाई व्यवस्थित रुपमा कार्यन्वयन गर्न वाञ्छानी भएकोले,

बेसीशहर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा-३६ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरपालिकाको मिति २०८१/०५/२७ को कार्यपालिका वैठकले यो कार्यविधि स्वीकृत गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " बेसीशहर नगरपालिकाको तरकारी तथा फलफूल नर्सरी स्थापना र सहुलियतमा बिरुवा वितरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप नर्सरी पूर्वाधार विकास तथा सन्चालन गर्नका लागि उपलब्ध गराइने बस्तुगत वा नगद सहयोग सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राही सम्झनु पर्दछ।

(ग) "शाखा" भन्नाले कृषि विकास शाखा सम्झनु पर्दछ।

(घ) "कलमी विरुवा" भन्नाले कुनै पनि फलफूल बालीको रुटस्टक र सायन जोडेर तयार गरिएको बिरुवा सम्झनु पर्दछ।

(ङ) 'ग्रिन हाउस / ग्लास हाउस" भन्नाले विरुवा / बेर्नाहरुलाई आवश्यकता बमोजिमको तापक्रम र सापेक्षिक आर्द्रता लगायतको अनुकूलित वातावरणमा हुर्काउन सकिने व्यवस्था सहितको पारदर्शी सिसाबाट बनाईएको संरचना सम्झनु पर्दछ।

(च) "जालीघर/स्क्रिन हाउस (Screen house)” भन्नाले स्वस्थ र गुणस्तरीय फलफूल विरुवा विशेष गरी सुन्तलाजात फलफूलमा सिट्रस ट्रिस्टिजा भाईरस र ग्रीनीङ मुक्त विरुवाहरु उत्पादन गर्न रोग, कीरा सार्ने माध्यमहरु (जस्तै सुन्तलाजात फलफूलको हकमा सिट्रस सिल्ला) छिर्न नसक्ने जालीको आवरण र U.V. stabilized प्लाष्टिकको छानो प्रयोग गरी बनाईएको संरचना सम्झनु पर्दछ।

(छ) "सेड हाउस" भन्नाले हरियो जाली, एग्रो नेट वा अन्य जालीदार वस्तुहरु वा प्लाष्टिकको छानो प्रयोग गरी बेर्ना/विरुवाहरु हुर्काउनका लागि बनाईएको संरचना सम्झनु पर्दछ।

(ज) "नर्सरी" भन्नाले उन्नत प्रविधि प्रयोग गरी तरकारी तथा फलफूल बिरुवा उत्पादन गर्ने स्थान सम्झनु पर्दछ।

(झ) "निजी नर्सरी" भन्नाले नर्सरी धनि कृषक, कृषक समूह, कृषि सहकारी तथा निजी फर्मको स्वामित्वमा रहेको नर्सरी सम्झनु पर्दछ।

(ञ) "फलफूल" भन्नाले उष्ण प्रदेशीय फलफूल, उपोष्ण प्रदेशीय फलफूल, समशितोष्ण प्रदेशीय फलफूल र शितोष्ण प्रदेशीय फलफूललाई सम्झनु पर्दछ।

(ट) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले कृषि विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम सम्झनु पर्दछ।

(ठ) "मूल्याङ्कन समिति" भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

(ड) "कृषि समिति" भन्नाले कृषि सम्बन्धी आवश्यक निर्णय गर्नका लागि गठित कृषि व्यवसाय प्रवर्द्धन समिति बुझ्नुपर्दछ।

(ढ) "कार्यालय" भन्नाले बेसीशहर नगरपालिकाको कार्यालय लमजुङलाई सम्झनु पर्दछ।

३. **उद्देश्य**: यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:-

(क) तरकारी तथा फलफूल नर्सरीहरुको स्क्रिन हाउस, ग्रीन हाउस तथा सेड हाउस लगायतका पूर्वाधार विकास गरी गुणस्तरीय फलफूल बिरुवा उत्पादन तथा आपूर्तिमा सहयोग पुर्याउने।

(ख) मौसमी तथा बेमौसमी तरकारीको बेर्ना उत्पादन गरी सहुलियत दरमा कृषकहरुलाई उपलब्ध गराउन।

(ग) बिउ वितरणमा हुने खर्चलाई न्युनिकरण गर्न।

(घ) व्यवसायिक तथा साना कृषकहरुको तरकारी उत्पादन लागत न्युनिकरण गर्न।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. कार्यक्रम सञ्चालन हुने स्थान: यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम कृषि व्यवसाय प्रवर्धन समितिवाट तोकिएका स्थानमा सञ्चालन गरिनेछ।

५. कार्यक्रममा सहभागी हुन सक्ने आवेदक र अनुदान प्राप्त गर्न आवश्यक न्यूनतम योग्यताः (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा देहाय बमोजिमका आवेदक सहभागी हुन सक्नेछन्:-

(क) नर्सरी धनी कृषक

(ख) कृषक समूह

(ग) कृषि सहकारी

(घ) निजी कृषि फर्म

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा सहभागी हुन उपदफा (१) बमोजिमका आवेदकले देहाय बमोजिमको योग्यता पुरा गर्नुपर्नेछ:

(क) कम्तीमा २ वटा ६*१२ मिटरको स्थायी/अस्थायी प्लाष्टिक घर भएको हुनुपर्नेछ।

(ख) यातायातको राम्रो सुविधा भएको हुनुपर्नेछ।

(ग) सिंचाइ तथा निकास, सूर्यको प्रकाश पर्ने आदिको राम्रो व्यवस्था भएको हुनुपर्नेछ।

(घ) कार्यालयले तोकेको मूल्यमा बिरुवा वितरण गर्न सक्ने खालको हुनुपर्नेछ।

(ङ) नर्सरी धनीको आफ्नो स्वामित्वमा जग्गा नरहेको अवस्थामा कम्तिमा २ वर्षका लागि जग्गा धनीसंग करार सम्झौता गरेको हुनु पर्नेछ।

६. सञ्चालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजीकरण: तरकारी तथा फलफूल नर्सरी सुदृढीकरणको लागि यस कार्यविधि बमोजिम निम्न क्रियाकलापहरुमा नेपाल सरकारको प्रचलित ऐन, नियमको आधारमा अनुदान उपलब्ध गराईनेछ:- (१) तरकारी नर्सरीका लागि देहाय मध्येका एक वा एक भन्दा बढी क्रियाकलापका लागि अनुदान उपलब्ध गराउन सकिन्छ।

(क) स्थायी टनेल निर्माण कार्य तथा व्यवस्थापन

(ख) टनेलमा कीरा छेक्ने जाली/एग्रोनेट जडान तथा व्यवस्थापन

(ग) तरकारीको उन्नत तथा हाइब्रिड बीउ खरिद

(घ) नर्सरीमा आवश्यक मलखाद, नर्सरी मिडिया, बाली संरक्षण तथा आवश्यक सुक्ष्म खाद्यतत्वहरु खरिद तथा व्यवस्थापन

(ङ) कृषि प्राविधिकले सिफारीस गरेका अन्य नर्सरी पूर्वाधार / संरचना

(२) फलफूल नर्सरीका लागि देहाय मध्येका एक वा एक भन्दा बढी क्रियाकलापका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(क) स्क्रिन हाउस निर्माण कार्य तथा व्यवस्थापन,

(ख) स्क्रिन हाउसभित्र सिचाई जडान तथा ब्यवस्थापन,

(ग) कृषि प्राविधिकले सिफारीस गरेका अन्य नर्सरी पूर्वाधार / संरचना

७. सूचना प्रकाशन तथा आवेदन सङ्कलन : (१) शाखाले तरकारी तथा फलफूल नर्सरी सुदृढीकरण कार्यक्रममा सहभागी हुन नर्सरी धनी कृषक, कृषक समूह/सहकारी, निजी फर्महरुबाट आवेदन माग गर्न ३० दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि नर्सरी धनी कृषक, कृषक समूह/सहकारी, निजी फर्महरुले सूचनामा तोकिएको समयावधिभित्र अनुसूची १ अनुसारको निवेदन र आवश्यक कागजातहरु, अनुसूची-२ बमोजिमको कार्ययोजना र अनुसूची- ३ बमोजिमको प्रतिबद्धता पत्र समेत संलग्न गरी शाखामा आवेदन दर्ता गर्नु पर्नेछ।

८. मूल्याङ्कन र छनौटः (१) दफा ७ को उपदफा (२) बमोजिम दर्ता भएका आवेदनहरुको मूल्याङ्कनको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) कृषि व्यवसाय प्रवर्द्धन समिति संयोजक  संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत  सदस्य

(ग) आर्थिक विकास समिति संयोजक  सदस्य

(घ) पशु शाखा प्रमुख/प्रतिनिधि  सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख  सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार २ जनासम्म समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्राप्त आवेदनहरु मध्ये न्यूनतम योग्यता पुगेका आवेदनहरुको अनुसूची ४ बमोजिमको मूल्याङ्कनको आधारहरुमा मूल्याङ्कन गर्ने।

(ख) आवश्यकता अनुरूप अनुसूची- ४ बमोजिमको मूल्याङ्कनको आधारहरुको विस्तृतीकरण गरी उप-आधारहरु बनाउने र सो बमोजिम अङ्कभार बाँडफाड गर्ने।

(ग) न्यूनतम योग्यता पुगेका आवेदकहरुको अनुसूची ४ (खण्ड क) बमोजिम मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी स्थलगत प्रमाणिकरणका लागि पूर्वछनौट (प्रिस्क्रीनिङ) गर्ने।

(घ) पूर्वछनौटको लागि आवश्यक पर्ने मापदण्ड तय गर्ने।

(ङ) पूर्वछनौटमा परेका आवेदकहरुको अनुसूची - ४ (खण्ड ख) बमोजिम स्थलगत प्रमाणिकरण गरी प्राप्त गर्ने कुल अंकको आधारमा प्राथमिकताक्रम निर्धारण गरी नतिजा प्रकाशनको लागि कृषि समिति समक्ष सिफारिस गर्ने।

(च) सम्झौता अनुसार अनुदानग्राहीको कार्य प्रगति सन्तोषजनक नभएमा वा समयमै कार्यसम्पन्न हुन नसक्ने देखिएमा आवश्यक कारवाही गर्न शाखामा सिफारिस गर्ने।

(छ) शाखालाई कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक तथा अन्य विषयमा आवश्यक राय सुझाव दिने।

(४) स्थलगत प्रमाणिकरणको समयमा आवेदनमा पेश गरिएको विवरण झूठो ठहरिएमा प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो आवेदन अयोग्य ठहर गरी बाँकी आवेदनहरुको मूल्याङ्कन प्रक्रिया अगाडि बढाईनेछ।

## परिच्छेद ३
## अनुदान सम्झौता र भुक्तानी

९. **अनुदान सम्झौता :** (१) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसिमा, पालना गर्नुपर्ने शर्त अनुदान रकम एवं भुक्तानी विधि उल्लेख गरी अनुदानग्राहीसँग अनुसूचि सम्झौता गरिनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीलाई वार्षिक स्वीकृत कार्यक्रमको बजेट परिधिभित्र रहि कार्यक्रम सञ्चालन गर्दाको वास्तविक खर्चको बढिमा ५० प्रतिशत वा सम्झौतामा तोके बमोजिम अनुदान उपलब्ध गराइनेछ।

(३) प्रचलित ऐन तथा नियमावलीको परिधिमा रही सूचना प्रकाशन, मूल्याङ्कन समितिको बैठक भत्ता, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यका लागि यसै कार्यक्रमका लागि विनियोजित बजेटको ५ % (पाँच प्रतिशत) रकम नबढ्ने गरी खर्च गर्न सकिनेछ।

१०. **अनुदान रकम भुक्तानी:** (१) सम्झौता गरिएका अनुदानग्राहीलाई सम्झौता बमोजिमको अनुदान रकम दुई किस्तामा बैंक मार्फत अनुदानग्राहीको बैक खातामा सोझै भुक्तानी गरिनेछ।

(२) अनुदानग्राहीले सम्झौतामा उल्लेख भए बमोजिम ५० प्रतिशत कार्य सम्पन्न गरी प्रथम किस्ताका लागि अनुदान रकम नगरपालिकामा माग गर्नु पर्नेछ । शाखाले नर्सरीको स्थलगत अनुगमन पश्चात अनुगमन प्रतिवेदनको आधारमा न्युनतम ५० प्रतिशत कार्य सम्पन्न भएको खण्डमा सम्झौतामा उल्लेख गरिएको रकमको ५० प्रतिशतसम्म अनुदान रकम अनुदानग्राहीलाई उपदफा (१) बमोजिम उपलब्ध गराउने छ।

(३) सम्झौता बमोजिम भुक्तानी हुन बाँकी अनुदान रकम सम्झौता अनुसार सबै काम सम्पन्न भए पश्चात बील भर्पाइ लगायत भुक्तानीको लागि आवश्यक सम्पुर्ण कागजात सहित अनुदानग्राहीको भुक्तानी निवेदन प्राप्त भएपछि शाखाको स्थलगत अनुगमनको आधारमा उपदफा (१) बमोजिम भुक्तानी गरिनेछ।

(४) अन्य कुराहरुको हकमा अनुदानग्राहीसंग भएको सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ।

## परिच्छेद-४

## अनुदानग्राहीले पालना गर्नुपर्ने शर्तहरुः

११. यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले देहायका शर्तहरु पालना गर्नु पर्नेछ:-

(क) यस कार्यविधि बमोजिम प्राप्त हुने अनुदान सहयोगबाट निर्माण हुने कामको विवरण, कुल लागत निर्माण सम्पन्न अवधि, सहयोगी निकाय र अनुदान रकम लगाएतका विवरणहरु होर्डिङ बोर्डमा प्रष्ट देखिने गरी निर्माणस्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(ख) छनौट पश्चात सम्झौता गर्नु अघि शाखाले दिएको प्राविधिक पृष्ठपोषणको आधारमा लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि शाखामा पेश गर्नु पर्नेछ । पेश गरिने लागत इष्टिमेट प्रचलित ऐन, कानून तथा स्वीकृत जिल्ला / स्थानीय दररेटको आधारमा तयार गर्नु पर्नेछ।

(ग) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले कृषि शाखाको प्राविधिकबाट सम्पन्न कामको निरिक्षण गराई कार्य सम्पन्न प्रतिवेदन बनाई पेश गर्नुपर्नेछ।

(घ) कार्य सञ्चालनका क्रममा अनुदानग्राहीले कृषि विकास शाखा वा नगरपालिकाले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

(ङ) सम्झौता भईसकेपछि नर्सरी सञ्चालन, व्यवस्थापन एवं कृषि समितिले तोकिएको दरमा बिरुवा बिक्री वितरण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(च) कार्य सम्पन्न भएपश्चात अनुदानग्राहीले स्थानीय स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम गरी सो को जानकारी समेत शाखामा पठानुपर्नेछ।

(छ) अनुदानग्राहीले वार्षिक विरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(ज) कृषि समितिले निर्धारण गरेको बिरुवाको मूल्यसूची सर्वसाधारण व्यक्तिले प्रष्ट रुपमा देखिने गरी राख्नुपर्नेछ ।

(झ) अनुदानग्राहिले उत्पादित बिरुवा विक्रि वितरण गर्दा सम्बन्धित खरिदकर्ता कृषकलाई प्रष्ट बुझिने रसिद/ बिल समेत प्रदान गर्नुपर्नेछ।

(ञ) अनुदानग्राहीले उत्पादित तथा बिक्री वितरण भएका विरुवाहरुको विवरण अनिवार्य रुपमा शाखामा उपलब्ध गराउनु पर्नेछ।

(ट) नर्सरी धनीले बेसीशहर नगरपालिकाको स्थानीय बासिन्दा कृषकलाई मात्र बिरुवा विक्रि वितरण गर्नुपर्नेछ।

(ठ) नर्सरीमा गरिएका क्रियाकलापहरुको व्यवस्थित अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद ५

## अनुगमन तथा निरीक्षण

१२. अनुगमन सम्बन्धी व्यवस्था: बेसीशहर नगरपालिका कृषि विकास शाखा, नगरपालिकाको कार्यालय, नगरस्तरीय /वडा स्तरीय अनुगमन समितिले आवश्यकता अनुसार अलग अलग वा संयुक्त अनुगमन गर्न सक्नेछन्।

## परिच्छेद-६

## विविध

१३. प्रचलित कानून लागु हुने : (१) यस कार्यविधिमा ब्यवस्था भएका बिषयका सम्बन्धमा सोहि बमोजिम र उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असूल उपर गरिनेछ।

१४. बाधा अड्काउ फुकाउने: (१) यस कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयनमा बाधा अड्चन आइपरेमा नगर-कार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१५. संशोधन गर्न सक्नेः (१) यो कार्यविधि बेसीशहर नगर कार्यपालिकाले निर्णय गरी आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

**अनुसूची १**
**(दफा ७ को उपदफा (२) सँग सम्बनधित)**
**आवेदन फारामको ढाँचा**

मिति :-----------------

श्रीमान शाखा प्रमूख ज्यू,
कृषि विकास शाखा,
बेसीशहर नगरपालिका, लमजुङ

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी......................................ले अनुदानमा तरकारी/फलफूल नर्सरी स्थापना तथा सहुलियत दरमा विक्रि वितरण कार्यक्रम सञ्चालन गर्न ईच्छुक रहेकोले अनुदानमा तरकारी/फलफूल नर्सरीको लागत अनुमान तयार गरी तपसील बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं।

संलग्न कागजातहरु:

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. दर्ता प्रमाणपत्र/ नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. बैठक निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा)
४. नर्सरी भएको जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि /जग्गा भाडामा लिएको भए कम्तिमा २ वर्षको करार सम्झौताको प्रमाणित प्रतिलिपि
५. अनुसूची-२ अनुसारको कार्ययोजना र अनुसूची- ३ बमोजिमको प्रतिबद्धता पत्र
६. सम्वन्धित वडा कार्यालयको सिफारिस
७. नर्सरी व्यवस्थापन तथा संचालनको लागि उत्पादन सामाग्रीको व्यवस्थापन योजना

निवेदक
नाम थर:
पद:
संस्थाको नाम: ठेगानाः
सम्पर्क नं.:
हस्ताक्षर र छापः

## अनुसूचि २
(दफा (७) को उपदफा (२) सँग सम्वन्धित)
**कार्ययोजनाको ढाँचा**

१. आवेदकको नामः

२. ठेगानाः

३. कार्यक्रम सञ्चालन हुने क्षेत्रफलः

४. भौतिक सुविधा र हावापानीको अवस्थाः

क) यातायातः ख) सिचाईः ग) बजारः

घ) सम्बन्धित स्थानको हावापानी, उचाई र भूगोलको अवस्थाः

५. हाल नर्सरीमा रहेको पुर्वाधार संरचना सम्बन्धी अवस्थाः

६. हाल नर्सरीमा प्रतिवर्ष उत्पादन गरिरहेको बिरुवाको विवरणः

| क्र.सं. | बालीको नाम | उत्पादन महिना | बिरुवा संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. अनुदान प्राप्त गरेपछि उत्पादन गरिने बिरुवाको विवरणः

| क्र.सं. | बालीको नाम | उत्पादन महिना | बिरुवा संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. प्रस्तावित कृयाकलापहरु र अनुमानित लागत अनुमान

| क्र.सं. | विवरण | ईकाइ | परिमाण | अनुमानित लागत (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आफैले व्यहोर्ने | कार्यालयले व्यहोर्ने | जम्मा | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

९. नर्सरी व्यवस्थापन तथा संचालनको लागि उत्पादन सामाग्रीको व्यवस्थापन योजना

-
-
-

१०. उत्पादित बिरुवाको बिक्रि वितरण/बजारीकरणको योजनाः

-
-
-

११. अन्य सान्दर्भिक विवरण/योजनाहरुः

-
-
-

## अनुसूचि ३
**(दफा (७) को उपदफा (२) सँग सम्वन्धित)**
**प्रतिबद्धता पत्र**

कृषि विकास शाखाको मिति २०८......./ को सूचना अनुसार तरकारी तथा फलफूल नर्सरीको स्थापना तथा सहुलियतमा बिरुवा वितरण कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी निरन्तरता दिई मापदण्ड बमोजिम गुणस्तरीय बिरुवा मात्र उत्पादन र बिक्री बितरण गर्नेछु / छौं। कार्य योजना अनुसारको कार्य नगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित ऐन कानून बमोजिम सहुँला / बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

इति सम्बत २०८..../..../

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम, थरः

ठेगानाः

संस्था भए संस्थाको नामः

दस्तखतः

संस्थाको छापः

**अनुसूची ४**

**८ को उपदफा (२) को (क) सँग सम्वन्धित)**

**मूल्याङ्कनका आधारहरु**

यस कार्यविधिको दफा ८ वमोजिम गठित मुल्याङ्कन समितिले देहाय बमोजिमको आधारहरुको विस्तृतिकरण गर्नुको साथै सो अनुसार अङ्क विभाजन गरी मूल्याङ्कन गर्न सक्नेछ।

**क . प्रस्तावित कार्ययोजनाको मुल्याङ्कन** (४० अङ्क)

१. नर्सरी भएको जग्गाको क्षेत्रफल सम्बन्धी अवस्था: (१० अङ्क)

२. फलफूल नर्सरीको लागि पूर्वाधार संरचना सम्बन्धी अवस्थाः (१० अङ्क)

३. अन्य पुर्वाधारको अवस्थाः (१० अङ्क)

- बिजुलीको सुविधा, सडक र सिचाइको सुविधा भएको हुनसक्ने

४. उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था (५ अङ्क)

५. जनशक्तिको अवस्था (५ अङ्क)

- तालिम, अनुभव र योग्यता

**ख. स्थलगत प्रमाणिकरण** (६० अङ्क)

- पेश गरिएको विवरण अनुसारको नर्सरी रहेको स्थानको अवस्था।
- जमिनको अवस्था र भौगोलिक उपयुक्तता।
- प्राविधिक उपयुक्तता।
- नर्सरी सुदृढीकरणको लागि अन्य आधारहरु।

**आज्ञाले,**
**चेतनाथ अर्याल**
**प्रमुख प्रशासकिय अधिकृत**

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.१०।–